नेपाल सरकार
Government of Nepal
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
Ministry of Labour, Employment and Social Security
# श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
# Department of Labour and Occupational Safety
मीनभवन काठमाडौं
Minbhawan, Kathamandu

फोन नं. ०१-४१०७११७, ०१-४१०७१९४, ०१-४१०७२०६, ०१-४१०७१२०
फ्याक्स नं. ०१-४१०७२८८

मिति २०८१/१२/०८

सूचना ! सूचना ! सूचना !

विषय : श्रमिक आपुर्तिकर्ता कम्पनिको इजाजत तथा श्रमिकलाई लगाउन सकिने काम सम्बन्धी सूचना।

श्रम ऐन २०७४ ,को दफा ५९ मा श्रमिक आपूर्ति गर्न चाहाने कम्पनीले इजाजत पत्र लिनु पर्ने व्यवस्था गरेको र श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई लगाउन सकिने कामको सूची श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०७५ असोज १९ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको सर्ववीदितै छ। श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिक आपूर्ति गर्ने गराउने गरी कुनै किसिमको प्रस्ताव वा बोलपत्र आहवान वा पेश गर्दा श्रमिकको पारिश्रमिक र अन्य सुबिधा श्रम ऐनमा तोकिएकोभन्दा कम नहुने गरी मुख्यरोजगारदाता र आपूर्तिकर्ता बीच सम्झौता हुनुपर्नेमा कतिपय सरकारी निकाय सार्वजनिक ,संस्थान तथा निजी क्षेत्रका प्रतिष्ठानहरु यसको विपरित इजाजत नै प्राप्त नगरेका श्रमिक आपूर्तिकर्ता कम्पनीहरुबाट गैरकानुनी तरिकाले श्रमिक आपूर्ति गर्ने गरेको उजुरी प्राप्त हुनेगरेको हुँदा श्रम ऐन विपरित कुनै किसिमको काम नगर्न नगराउन/सबै प्रतिष्ठानलाई ध्यानाकर्षण गर्दै सरोकारवालाहरुको जानकारीका लागि समेत यो सूचना प्रकाशन गरिएको छ।

<u>देहायः</u>

१. सुरक्षा सेवा :सुरक्षा श्रमिक।

२. सहजकारी सेवा :सबै प्रकारका सरसफाई तथा फोहोर व्यवस्थापनलाई आवश्यक श्रमिक, बगैचा व्यवस्थापन गर्ने माली लगायत कृषि श्रमिक, कार्यालय सहायक (खाजा तथा खाजा तयार गर्ने वा म्यासेन्जर सेवा),क्यान्टिन तथा क्याटरिंग श्रमिक।

३. व्यवसाय सहयोग सेवा :चालक ,लोड ,परिचालक ,अनलोड सामानको ,ओसारपसार तथा भण्डारण व्यवस्थापन गर्ने श्रमिक मर्मत ,सम्भार प्राविधिक ,सहयोग तथा परामर्श प्रदान गर्ने श्रमिक ,प्लम्बर , ,डकर्मी ,इलेक्ट्रिसियन सिकर्मी लगायतका निर्माण श्रमिक।

४. घरेलु सहयोगी सेवा :हाउसमेड केयर गिभर लगायतका ,घरेलु श्रमिक।

२०८१/१२/८

(मणिनाथ गोप)
प्रवक्ता

इमेलः dol.osh12@gmail.com , वेवः www.dol.gov.np